# राष्ट्रिय मानव अधिकार आयोग

## बागमती प्रदेश कार्यालय, हेटौंडा मकवानपुर

**सूचनाको हक सम्बन्धी  ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली,२०६५ को नियम ३ बमोजिम प्रकाशित**

**त्रैमासिक कार्यसम्पादन विवरण**

**(२०८३ वैशाख १ गतेदेखि २०८३ असार मसान्तसम्म बागमती प्रदेश कार्यालयबाट सम्पादन गरिएका प्रमुख क्रियाकलापहरु)**

**प्रकाशन गर्ने**

पवित्रा भण्डारी

सूचना अधिकारी

## १.आयोगको स्वरुप र प्रकृति

मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्धन तथा त्यसको प्रभावकारी कार्यान्वियनको सुनिश्चितताको लागि राष्ट्रिय मानव अधिकार आयोगको स्थापना भएको हो ।मानव अधिकार आयोग ऐन, २०५३ बमोजिम वि.सं.२०५७ जेठ १३ मा स्थापना भएको राष्ट्रिय मानव अधिकार  आयोगले नेपालको अन्तरिम संविधान, २०६३ बाट संवैधानिक हैसियत प्राप्त गरेको हो।नेपालको वर्तमान संविधान २०७२ ले समेत आयोगलाई संवैधानिक हैसियत प्रदान गरेको छ।नेपालको संविधान २०७२ को धारा २४८ र २४९ मा राष्ट्रिय मानव अधिकार मानव अधिकार आयोग सम्बन्धी व्यवस्था रहेको छ।

नेपालको संविधान २०७२ को धारा २४८ अनुसार आयोगमा एक जना अध्यक्ष र चारजना सदस्यहरु रहने व्यवस्था छ।उहाँहरुको नियुक्ति संवैधानिक परिषद्को सिफारिसमा संसदीय सुनुवाइपछि राष्ट्रपतिबाट हुन्छ । हाल आयोगमा केन्द्रीय कार्यालय, सातवटा प्रदेशमा प्रदेश कार्यालय र तीनवटा प्रदेशमा प्रदेश शाखा कार्यालयहरु रहेका छन् ।

राष्ट्रिय मानव अधिकार आयोगमा सबै नागरिक र मानिसहरुको सहज पहुँच पुगोस् भन्ने उद्देश्यले वि.सं.२०७४ साल कात्तिक १ गते उपक्षेत्रीय कार्यालय सानेपा, ललितपुरमा स्थापना भएको थियो । यस कार्यालयको स्थापना भएसंगै यस कार्यालयको क्षेत्राधिकार भित्रका जिल्लाहरुमा मानव अधिकार सम्बन्धी विविध गतिबिधिहरू सञ्चालन हुँदै आइरहेको थियो। आयोगको वि.स. २०७५ साल असार ८ गतेको निर्णयानुसार यस कार्यालयलाई प्रदेश नं ३ कार्यालयको रुपमा ललितपुरको सानेपामा स्थापित गरी कार्य सञ्चालन हुँदै आएको थियो। प्रदेश सभाको वैठकबाट प्रदेशको नाम बागमती प्रदेश नामाकरण गर्ने र प्रदेश सदरमुकाम हेटौंडामा राख्ने निर्णय भए बमोजिम यस कार्यालयको नाम राष्ट्रिय मानव अधिकार आयोग बागमती प्रदेश कार्यालय नामाकरण गरिएको छ। यस प्रदेशको समग्र मानव अधिकारको चित्रण सहित मानव अधिकारका सवालहरूमा केन्द्रित रही यस कार्यालयले अनुगमन र अनुसन्धान सम्बन्धी कार्यलाई निरन्तर रूपमा अगाडि बढाइरहेको छ।यस कार्यालयबाट सम्पादित गतिविधि, अनुगमन तथा अनुसन्धानबाट प्राप्त प्रतिवेदनको निष्कर्ष प्रेस—विज्ञप्ति, पत्रकार सम्मेलन आदि मार्फत मानव अधिकारको स्थिति र अवस्थालाई सेवाग्राही तथा जनसमक्ष प्रकाश पार्ने क्रम निरन्तर रुपमा भइरहेको छ ।

## २. आयोगको काम, कर्तव्य र अधिकार

मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्धन गर्नु आयोगको प्रमुख कार्य हो । नेपालको संविधानको धारा २४९ र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ४ मा उल्लेख भए  अनुसार आयोगका काम कर्तव्य र अधिकार देहाय बमोजिम रहेका छन्।

(१) मानव अधिकारको सम्मान, संरक्षण, संवर्धन तथा त्यसको प्रभावकारी कार्यान्वियनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हुनेछ ।

(२) उपधारा १ मा उल्लिखित कर्तव्य पूरा गर्नका लागि राष्ट्रिय मानव अधिकार आयोगको देहाय बमोजिमका काम गर्नेछ,

(क)कुनै व्यक्ति वा समूहको मानव अधिकार उल्लङ्घन वा त्यसको दुरुत्साहन भएको भनी आयोगमा प्राप्त उजुरीमा छानविन तथा अनुसन्धान गरी दोषी उपर आवश्यक कारबाही गर्न सिफारिस गर्ने,

(ख) मानव अधिकार उल्लङ्घन हुनबाट रोक्ने जिम्मेवारी वा कर्तव्य भएको पदाधिकारीले जिम्मेवारी पूरा नगरेमा वा कर्तव्य पालना नगरेमा वा जिम्मेवारी पूरा गर्न वा कर्तव्य पालना गर्न उदासिनता देखाएमा त्यस्तो पदाधिकारीउपर विभागीय कारबाही गर्न सम्बन्धित अधिकारी समक्ष सिफारिस गर्ने,

(ग) मानव अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्था विरुद्ध मुद्दा चलाउन पर्ने आवश्यकता भएमा कानूनबमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिस गर्ने,

(घ) मानव अधिकारको चेतना अभिवृद्धि गर्न नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने,

(ङ) मानव अधिकारको उल्लङ्घनकर्तालाई विभागीय कारबाही तथा सजाय गर्न कारण र आधार खुलाई सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने,

(च) मानव अधिकारसँग सम्बन्धित प्रचलित कानूनको आवधिक रुपमा पुनरावलोकन गरी त्यसमा गर्नुपर्ने सुधार तथा संशोधनका सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(छ) मानव अधिकारसँग सम्बन्धित अन्तराष्ट्रिय सन्धि वा सम्झौताको नेपाल पक्ष बन्नु पर्ने भएमा त्यसको कारणसहित नेपाल सरकारलाई सिफारिस गर्ने र नेपाल पक्ष बनिसकेका सन्धि वा सम्झौताको कार्यान्वियन भए वा नभएको अनुगमन गरी कार्यान्वियन नभएको पाइएमा त्यसको कार्यान्वियन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ज) मानव अधिकारको उल्लङ्घनका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले गरेको सिफारीस वा निर्देशन पालना वा कार्यान्वियन नगर्ने पदाधिकारी,व्यक्ति वा

निकायको नाम कानून बमोजिम सार्वजनिक गरी मानव अधिकार उल्लङ्घनकर्ताको रुपमा अभिलेख राख्ने ।

(३) मानव अधिकार आयोगले आफ्नो कार्य सम्पादन गर्दा वा कर्तव्य पालना गर्दा देहायबमोजिमको अधिकार प्रयोग गर्न सक्नेछ ।

(क) कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई जानकारी वा बयान लिने वा बकपत्र गराउने,प्रमाण बुझ्ने,दसी- प्रमाण दाखिला गर्न लगाउने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार प्रयोग गर्ने,

(ख) मानव अधिकारको गम्भीर उल्लंङ्घन हुन लागेको वा भइसकेको सूचना आयोगले कुनै किसिमबाट प्राप्त गरेमा कुनै व्यक्ति वा निजको आवास वा कार्यालयमा विना सूचना प्रवेश गर्ने,खानतलासी लिने तथा त्यसरी खानतलासी लिँदा मानव अधिकारको उल्लङ्घनसँग सम्बन्धित लिखत,प्रमाण वा सबुत कब्जामा लिने,

(ग) कुनै व्यक्तिको मानव अधिकार उल्लङ्घन भइरहेको कुरा जानकारी भई तत्काल कारबाही गर्नुपर्ने आवश्यक देखिएमा विनासूचना सरकारी कार्यालय वा अन्य ठाउँमा प्रवेश गर्ने र उद्धार गर्ने,

(घ) मानव अधिकारको उल्लङ्घनबाट पीडितलाई कानून बमोजिम क्षतिपूर्ति दिन आदेश दिने ।

(४) राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो काम काम,कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार सो आयोगको अध्यक्ष, कुनै सदस्य वा नेपाल सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालना गर्ने गरी प्रत्यायोजन गर्न सक्नेछ ।

(५) राष्ट्रिय मानव अधिकार आयोगको अन्य काम,कर्तव्य र अधिकार तथा कार्यविधि संघिय कानूनबमोजिम हुनेछ ।

## ३.आयोगको बागमती प्रदेश कार्यालय हेटौंडाबाट प्रदान गरिने सेवाहरुः

- बागमती प्रदेश कार्यालयको स्थापना भए पश्चात यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने बागमती प्रदेशका १३ वटा जिल्लाहरु काठमाण्डौ, ललितपुर, भक्तपुर, सिन्धुली, रामेछाप, दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, रसुवा, नुवाकोट, धादिङ, चितवन, मकवानपुर जिल्लामा मानव अधिकार संरक्षणका लागि मानव अधिकार उल्लंघनका उजुरी ग्रहण गर्ने, अनुगमन, अनुसन्धान र उजुरी निर्णयार्थ आयोगको केन्द्रीय कार्यालयमा पेश गर्ने लगायतका कार्यहरु निरन्तर रुपमा भैरहेको थियो।आयोगको मिति २०८० साउन २२ गतेको बैठकबाट निर्णय भई मिति २०८०/४/१ देखि

उपत्यका (काठमाण्डौ, ललितपुर, भक्तपुर जिल्ला) बाट प्राप्त हुन आएका नयाँ उजुरीहरु शुरु देखि अन्तिम प्रकृयासम्म केन्द्रीय कार्यालय, अनुसन्धान महाशाखाबाट नै हेर्नेगरी निर्णय गरिएकोले हाल यस कार्यालयले १० वटा जिल्लाका उजुरीहरु ग्रहण गर्ने कार्य गर्दै आएको छ ।

- मानन अधिकार अवस्थाको अनुगमन, अनुगमनबाट देखिएका तथ्यको आधारमा सुधार गर्नुपर्ने पक्षहरुबारे नेपाल सरकारलाई सिफारिस गर्न आयोग समक्ष पेश गर्ने कार्य गर्दै आएको छ ।
- मानव अधिकार सम्बन्धी शिक्षा र सचेतना अभिवृद्धिका लागि तालिम, गोष्ठि, अन्तरक्रिया गर्ने ।
- मानव अधिकारको अवस्था सुदृढिकरण र कानून सुधारका लागि नागरिक समाज र समूदाय केन्द्रीत कार्यक्रमहरु सञ्चालन गर्ने ।
- मानव अधिकारको संरक्षण, संवर्धन र प्रचलनका लागि विभिन्न नागरिक समाज र समूदाय केन्द्रीत कार्यक्रमहरु सञ्चालन गर्ने ।
- मानव अधिकारको संरक्षण, संवर्धन र प्रचलनका लगि विभिन्न सरकारी तथा गैह्रसरकारी संस्थाहरुसँग समन्वय र सहकार्य गर्ने ।

## ४. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

- १० पेज सम्मको सूचना निःशुल्क प्राप्त हुने र सो भन्दा माथि भएमा प्रति पेज रु ५ (पाँच) दस्तुर लाग्ने।
- सूचनाको प्रकृति हेरी बढीमा १५ दिनको अवधि लाग्ने ।
- आयोगका प्रकाशनहरु निःशुल्क वितरण हुने ।
- सूचना बाहेक अन्य प्रकृतिका सेवा प्राप्त गर्ने अवधि कामको प्रकृति अनुसार फरक फरक हुने ।

## ५. निर्णय गर्ने प्रक्रिया र अधिकारी :

- यस कार्यालयमा दर्ता भएका उजुरी अनुसन्धान सम्पन्न भए पश्चात कार्यालय प्रमुखको राय सहितको फाइल आयोगको केन्द्रीय कार्यालय पठाइने र केन्द्रीय कार्यालयको अनुसन्धान महाशाखा मार्फत निर्णयार्थ आयोगमा पेश भई निर्णय हुने,
- नेपाल सरकारलाई गरिने सिफारिसहरुमा आयोगले निर्णय गर्ने,
- सामान्यतया नीतिगत विषयमा आयोगबाट र प्रशासनिक तथा आर्थिक विषयहरुमा सचिवबाट निर्णय हुने र सोही अनुसार कार्यालय प्रमुखले कार्यान्वयन गर्ने गराउने,
- अन्य कामको प्रकृति अनुसार निर्णय प्रक्रिया फरक फरक हुने,

## ६. बागमती प्रदेश कार्यालयका प्रमुख र सूचना अधिकारीको नाम र पद

| क्र.सं. | कर्मचारीको नाम | पद | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| १ | चन्द्रकान्त चापागाई | उपसचिव | नि.कार्यालय प्रमुख | |
| २ | पवित्रा भण्डारी | मानव अधिकार अधिकृत | सूचना अधिकारी | |

## ७. राष्ट्रिय मानव अधिकार आयोगको संगठन संरचना

### ७.१ आयोगका पदाधिकारीहरु

माननीय तप बहादुर मगर – अध्यक्ष

माननीय मिहिर ठाकुर – सदस्य

माननीय मनोज दुवाडी – सदस्य

माननीय डा.लिली थापा – सदस्य

### ७.२ आयोगको प्रशासनिक संगठन संरचना

राष्ट्रिय मानव अधिकार आयोगको केन्द्रीय कार्यालय हरिहर भवन पुल्चोक, ललितपुरमा रहेको छ।७ वटा प्रदेश कार्यालयहरु र ३ वटा प्रदेश शाखा कार्यालय गरी जम्मा १० वटा कार्यालयमार्फत आयोगले मानव अधिकारको संरक्षण र सम्बर्धनको कार्य गर्दै आएको छ ।प्रशासनिक प्रमुखको रुपमा सचिव रहने व्यवस्था र सचिव मातहत ४ वटा विभाग, प्रदेश कार्यालय, प्रदेश शाखा कार्यालय तथा विभाग अन्तर्गत १३ वटा महाशाखा रहेका छन् ।

### ७.३ आयोगको बागमती प्रदेश कार्यालयमा कर्मचारीको दरबन्दी विवरण

| क्र.सं. | कर्मचारी | पद | जम्मा दरबन्दी | पदपूर्ति संख्या |
|---|---|---|---|---|
| १ | अधिकृत प्रथम | सहसचिव | १ | १ |
| २ | अधिकृत द्धितिय | उपसचिव | १ | १ |
| ३ | अधिकृत तृतीय | मानव अधिकार अधिकृत | ५ | ४ |
| ४ | अधिकृत तृतीय | लेखा अधिकृत | १ | १ |
| ५ | सहायक प्रथम | मानव अधिकार सहायक | १ | ० |
| ६ | सहायक प्रथम | सुचना प्रविधि सहायक | १ | १ |
| ७ | सहायक प्रथम | लेखा सहायक | १ | ० |
| ८ | श्रेणीविहीन | सवारी चालक | २ | २ |

| | | | | |
|---|---|---|---|---|
| ९ | श्रेणीविहीन | कार्यालय सहयोगी | २ | २ |
| १० | श्रेणीविहिन | सुरक्षा गार्ड | ३ | ३ |
| जम्मा | | | **१८** | **१५** |

## ७.४ आयोगको बागमती प्रदेश कार्यालयमा रहेका कर्मचारी विवरण

| क्र.सं. | कर्मचारी | पद | कार्य विवरण | कैफियत |
|---|---|---|---|---|
| १ | यज्ञ प्रसाद अधिकारी | सहसचिव | | के. का. काज |
| २ | चन्द्रकान्त चापागाई | उपसचिव | नि.कार्यालय प्रमुख/व्यवस्थापन | |
| ३ | जायश्यवर चापागाई | मानव अधिकार अधिकृत | अनुगमन/अनुसन्धान | |
| ४ | पवित्रा भण्डारी | मानव अधिकार अधिकृत | उजुरी ग्रहण, अनुगमन/ अनुसन्धान | |
| ५ | जितेन्द्र कार्की | लेखा अधिकृत | लेखा सम्बन्धी कार्य | |
| ६ | कृष्ण प्रसाद मिश्र | मानव अधिकार अधिकृत | अनुगमन/अनुसन्धान | |
| ७ | नवल किशोर सिंह | मानव अधिकार अधिकृत | अनुगमन/अनुसन्धान | |
| ८ | धनन्जय पटेल | सुचना प्रविधि सहायक | सुचना प्रविधि सम्बन्धि कार्य | |
| ९ | मनोज बुढा मगर | सवारी चालक | सवारी साधनको सुरक्षा तथा सञ्चालन | के. का. काज |
| १० | पाशाङ लामा | सवारी चालक | सवारी साधनको सुरक्षा तथा सञ्चालन | |
| ११ | अविन पौडेल | सुरक्षा गार्ड | कार्यालयको सुरक्षा सम्बन्धी कार्य | |
| १२ | लक्ष्मी नेपाल | सुरक्षा गार्ड | कार्यालयको सुरक्षा सम्बन्धी कार्य | |
| १३ | कृष्ण श्रेष्ठ | सुरक्षा गार्ड | कार्यालयको सुरक्षा सम्बन्धी कार्य | |
| १४ | भुमिका कुमारी श्रेष्ठ | कार्यालय | कार्यालय सञ्चालनमा | के. का. काज |

| | | | | |
|---|---|---|---|---|
| | | सहयोगी | सहयोग | |
| १५ | लाल बहादुर लामा | कार्यालय सहयोगी | कार्यालय सञ्चालनमा सहयोग | |

**८. यस कार्यालयमा आ.व. २०८२ /८३ को चौथो त्रैमासिकसम्म रहेका जम्मा उजुरीको विवरण**

| **क्र.सं** | **उजूरीको विषय** | **हालको उजुरी संख्या** |
|---|---|---|
| १ | नागरिक तथा राजनीतिक अधिकार | ७६ |
| २ | आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार | ३० |
| ३ | महिला विरुद्ध हुने सबै प्रकारका हिंसा | १८ |
| ४ | बल पूर्वक बेपत्ता | २६० |
| ५ | बाल अधिकार | १८ |
| ६ | अपाङ्गता भएका व्यक्तिको अधिकार | ४ |
| ७ | यातना विरुद्धको अधिकार | १२ |
| ८ | जातीय भेदभाव विरुद्धको अधिकार | ३ |
| ९ | आप्रवासी कामदारको अधिकार | ५२ |
| १० | अन्य | २८ |
| **जम्मा** | | **५०१** |
| हाल कार्यालयमा रहेका जम्मा फाइल संख्या | | **५०१** |

## ९.चौथो त्रैमासिकमा सम्पादन गरिएको कार्यको विवरण

## ९.१ अनुगमन सम्बन्धी सम्पादन गरिएका कार्यहरु

| क्र.सं. | जिल्ला | मिति | विषय | अनुगमन टोली | कैफियत |
|---|---|---|---|---|---|
| १ | सिन्धुली | २०८३/१/११ | निर्मला सुनारलाई घरमा बस्ने वातावरण गराई पाउँ भनि प्राप्त निवेदनका सम्बन्धमा गैरसरकारी संस्था महासंघ, दलित महिला संघ फेडो, मकवानपुर समेतको संयुक्त अनुगमन । | उपसचिव चन्द्रकान्त चापागाई | |
| २ | दोलखा | २०८३/३/७ देखि २०८३/३/१३ | दोलखा जिल्लाको मानव अधिकार अवस्था अनुगमन । | मानव अधिकार अधिकृत जायश्यवर चापागाई र सूचना प्रविधि सहायक धनन्जय पटेल । | |
| ३ | मकवानपुर | २०८३/३/१५ | अपाङ्गता भएका व्यक्तिहरुको विरोध प्रदर्शन कार्यक्रमको अनुगमन | मानव अधिकार अधिकृतद्धय जायश्यवर चापागाई र नवल किशोर सिंह | |

## ९.२ अनुसन्धान सम्बन्धी कार्यहरु

| क्र.सं. | जिल्ला | मिति | विषय | अनुसन्धान टोली | कैफियत |
|---|---|---|---|---|---|
| १ | सिन्धुली | २०८३/१/११ देखि २०८३/१/१५ सम्म | इलाका प्रहरी कार्यालय खुर्कोट,सिन्धुलीको हिरासत कक्षमा मृत्यु भएका कृष्ण तामाङको सम्बन्धमा अनुसन्धान। | मानव अधिकार अधिकृतद्धय जायश्वर चापागाई र कृष्ण प्रसाद मिश्र | |
| २ | चितवन | २०८३/२/८ देखि | चितवन जिल्ला माडि नगरपालिका वडा | मानव अधिकार अधिकृतद्धय | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | २०८३/२/११ | नम्बर ५, बरामपुरी स्थित पिसल्याण्ड ईग्लिस वोर्डिङ्ग स्कुलमा कक्षा ८ मा अध्ययनरत विद्यार्थी दिव्सन लम्सालला‌ई शिक्षकद्वारा कुटपीट गरिएको भनीएको विषयमा<br><br>२ अस्मिता तामाङको चितवन रत्ननगरको बकुलहर अस्पतालका डक्टरको लापरवाहिबाट मृत्यु भएको सम्बन्धमा | जायश्वर चापागाई र कृष्ण प्रसाद मिश्र | |
| ३ | नुवाकोट र काठमाण्डौ | २०८३/२/२५ देखि २०८३/२/३० | नागरिकता नपाएको<br>जन्मदर्ता नपाएको<br>राहत नपाएको<br>आवासको अधिकार<br>आदि । | मानव अधिकार अधिकृतद्धय पवित्रा भण्डारी र नवल किशोर सिंह | |

**९.३ अन्य निकायले संचालन गरेको कार्यक्रममा बागमती प्रदेश कार्यालयको तर्फबाट सहभागिता :**

| क्रसं. | तालिम/कार्यक्रमको विषय | संचालन गर्ने निकायको नाम ठेगाना | आयोगको तर्फबाट भागलिने सहभागिको नाम | तालिमको अवधि मिति र दिन ) (समेत | कैफियत |
|---|---|---|---|---|---|
| १ | बागमती प्रदेशको दलित सशक्तिकरण विधेयक निर्माणका लागि सरोकारवालाको भुमिका विषयक कार्यक्रम । | दलित महिला संघ फेडो मकवानपुर । | मानव अधिकार अधिकृत कृष्ण प्रसाद मिश्र | २०८३/१/७ | |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | दलित समुदाय लक्षित कार्यक्रमहरुको तुलनात्मक विश्लेषण कार्यक्रम । | दलित महिला संघ फेडोमकवानपुर , | उपसचिव चन्द्रकान्त चापागाई(अतिथि) | २०८३/१/१६ | |
| ३ | बालमैत्री स्थानीय शासन र त्यसबाट प्राप्त उपलब्धि एवम् चुनौती विषयक छलफल कार्यक्रम । | सिविन नेपाल मकवानपुर । | मानव अधिकार अधिकृत जायश्वर चापागाइ | २०८३/१/१७ | |
| ४ | व्यवसाय र मानव अधिकार | अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेक। | उपसचिव चन्द्रकान्त चापागाई )विशेष अतिथि) | २०८३/१/२३ | |
| ५ | बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनिती कार्यान्वियनमा न्याय क्षेत्रको भुमिका | मुख्य न्याधाधिवक्ताको कार्यालय बागमती प्रदेश हेटौडा मकवानपुर । | मानव अधिकार अधिकृत जायश्वर चापागाई | २०८३/१/२५ | |
| ६ | मानव अधिकार संरक्षणमा सरोकारवालाको भूमिकामा अन्तरकृयात्मक कार्यक्रम | आन्तरिक मामिला तथा कानून मन्त्रालयबागमती , प्रदेश कार्यालय | मानव अधिकार अधिकृतद्धय जायश्वर चापागाई र कृष्ण प्रसाद मिश्र | २०८३/१/२९ | |
| ७ | मूल्य पारदर्शिता सप्ताह सम्बन्धी कार्यक्रम | उपभोक्ता हित संरक्षण मञ्च नेपाल | मानव अधिकार अधिकृत नवल किशोर सिंह | २०८३/१/२९ | |
| ८ | नागरिक समाज (युवासँग) छलफल कार्यक्रम । | मानव अधिकारका लागि एकल महिला समुहमकवानपुर । , | मानव अधिकार अधिकृत कृष्ण प्रसाद मिश्र | २०८३/२/१७ | |
| ९ | ३ महिने लागुऔषध विरुद्ध युवा बहस तथा | सिआन पुर्नस्थापना केन्द्र हेटौडा , | मानव अधिकार अधिकृत | २०८३/२/१९ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | सचेतना कार्यक्रम | मकवानपुर । | कृष्ण प्रसाद मिश्र | | |
| १० | मानव अधिकार सम्बन्धि अध्ययन अनुसन्धान विषयक अभिमुखीकरण कार्यक्रम | राष्ट्रिय मानव अधिकार आयोग केन्द्रीय कार्यालय ललितपुर (जुम मार्फत ) | उपसचिव चन्द्रकान्त चापागाई लगायत बागमती प्रदेश कार्यालयका सम्पूर्ण कर्मचारी । | २०८३/२/५ | |
| ११ | मानव अधिकारको सन्दर्भमा नेपालको संविधानमा सुधार संसोधनका विषयमा छलफल कार्यक्रम | राष्ट्रिय मानव अधिकार आयोग केन्द्रीय कार्यालय ललितपुर (जुम मार्फत ) | उपसचिव चन्द्रकान्त चापागाई | २०८३/२/६ | |
| १२ | महिला एकल महिला र सिमान्तकृत महिलाको मानव अधिकार स्थिति माथि छलफल कार्यक्रम | मानव अधिकारको लागि महिलाएकल , महिला समुह मकवानपुर । | मानव अधिकार अधिकृत नवल किशोर सिँह | २०८३/२/१८ | |
| १३ | EU Project कार्यान्वियनका सम्बन्धमा छलफल कार्यक्रम । | राष्ट्रिय मानव अधिकार आयोग केन्द्रीय कार्यालय ललितपुर ( जुम मार्फत) | उपसचिव चन्द्रकान्त चापागाई | २०८३/२/२१ | |
| १४ | प्रदेश स्तरीय कार्यशाला गोष्ठी सबै प्रकारका जातीय भेदभाव उन्मुलन सम्बन्धी महासन्धि १९६५ को आवधिक प्रतिवेदन पेश सम्बन्धि गोष्ठी | भूमी व्यवस्था , सहकारी र संघिय सामान्य प्रशासन सामाजिक )मन्त्रालय समावेशिकरण सिँहदरबार (शाखा काठमाण्डौ । | मानव अधिकार अधिकृत जायश्वार चापागाई | २०८३/२/२९ | |
| १५ | मानव अधिकार विषयक सचेतना | नेपाल मानव अधिकार संगठन , | उपसचिव चन्द्रकान्त | २०८३/३/१ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | कार्यक्रम | मकवानपुर | चापागाई | | |
| १६ | द्वन्द्व प्रभावित महिलाएकल , सिमान्तकृत ,महिला महिला र निजका छोराछोरी बीचको अन्तरपुस्ता छलफल कार्यक्रम । | मानव अधिकारका लागि महिला एकल महिला समुह मकवानपुर । | मानव अधिकार अधिकृत जायश्वर चापागाई | २०८३/३/४ | |
| १७ | राज्यको मूल प्रवाहीकरणमा मधेशी दलित,अल्पसंख्यक लोपोन्मुख र पिछडावर्गको सहभागिता सम्बन्धी अन्तरक्रिया कार्यक्रम । | मधेशी आयोग , ज्वागल ललितपुर । | मानव अधिकार अधिकृत जायश्वर चापागाई | २०८३/३/१९ | |
| १८ | बागमती प्रदेश सरकारद्धारा पारित कानून र कानून कार्यान्वियनको अवस्था सम्बन्धी कार्यक्रम । | मूख्य न्यायधिवक्ताको कार्यालय,बागमती प्रदेश र अनौपचारीक क्षेत्र सेवा केन्द्र (इन्सेक) को संयुक्त आयोजना । | मानव अधिकार अधिकृत जायश्वर चापागाई | २०८३/३/२१ | |
| १९ | ३ दिने क्षमता अभिवृद्धि,अभिमुखीकरण तालिमको प्रमाणपत्र वितरण तथा समापन कार्यक्रम। | आन्तरिक मामिला तथा कानून मन्त्रालय र रिकभरीङ नेपाल बागमती प्रदेश । | उपसचिव चन्द्रकान्त चापागाई (अतिथि) | २०८३/३/२१ | |

**९.४ अन्य निकायले संचालन गरेको कार्यक्रममा श्रोत व्यक्तिको रुपमा कार्यालयको तर्फबाट सहभागिता:**

| क्र.सं. | तालिम/कार्यक्रमको विषय | संचालन गर्ने निकायको नाम ठेगाना | आयोगको तर्फबाट भागलिने सहभागिको नाम | तालिमको अवधि मिति र दिन ) (समेत | लक्षित समूह(नागरिक समाज,सेना,प्रहरी,इत्यादी) |
|---|---|---|---|---|---|
| १ | व्यवसाय र मानव अधिकार | अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेक। बागमती प्रदेश कार्यालय मकवानपुर | उपसचिव चन्द्रकान्त चापागाई(प्रशिक्षक) | २०८३/१/२३ | नेपाल सरकारका कर्मचारी, मानव अधिकार कर्मी र नागरिक समाज । |
| २ | मानव अधिकार संरक्षणमा सरोकारवालाको भूमिकामा अन्तरकृयात्मक कार्यक्रम । | आन्तरिक मामिला तथा कानून मन्त्रालय , बागमती प्रदेश कार्यालय मकवानपुर | मानव अधिकार अधिकृत जायश्वार चापागाई(प्रशिक्षक) | २०८३/१/२९ | नेपाल सरकारका कर्मचारी, मानव अधिकार कर्मी र नागरिक समाज । |
| ३ | स्थानीय तह र मानव अधिकार प्रशिक्षण कार्यक्रम । | सिन्धुली जिल्लाका विभिन्न पालिका र इन्सेक बागमती प्रदेशको आयोजना । | मानव अधिकार अधिकृत कृष्ण प्रसाद मिश्र ।(प्रशिक्षक) | २०८३/२/२४ देखि २०८३/२/२९ | जनप्रतिनिधि,स्थानीय न्यायिक समितिका पदाधिकारीहरु, मेलमिलाप संयोजक,नेपाल प्रहरीका प्रतिनिधिहरु,कर्मचारी र नागरिक समाज |

**९.५ बागमति प्रदेश कार्यालयवाट गरिएका प्रबर्धनात्मक कार्यहरु:**

| क्रसं. | जिल्ला/स्थान | मिति | तालिम/कार्यक्रमको विषय | लक्षित समूह(नागरिक समाज,सेना,प्रहरी,इत्यादी) | कैफियत |
|---|---|---|---|---|---|
| १ | मकवानपुर | २०८३/२/१३ | आयोगको २६औं स्थापना दिवसको अवसरमा शुभकामना आदान प्रदान कार्यक्रम | सरकारी तथा गैरसरकारी निकायका प्रमुख तथा प्रतिनिधि, नागरिक समाज, विद्यार्थि आदि | |
| २ | सिन्धुली | २०८३/२/२४ देखि २०८३/२/२९ | स्थानीय तह र मानव अधिकार प्रशिक्षण कार्यक्रम। सिन्धुली जिल्लाका ६ पालिकामा कार्यक्रम गरिएको। | जनप्रतिनिधि, स्थानीय न्यायिक समितिका पदाधिकारीहरु, मेलमिलाप संयोजक,नेपाल प्रहरीका प्रतिनिधिहरु,कर्मचारी र नागरिक समाज | |

## ९.६ आ. ब. २०८२/८३ को चौथो त्रैमासिकमा दर्ता भएका उजूरीहरु

| क्र.सं. | जिल्ला | दर्ता मिति | विषय | कैफियत |
|---|---|---|---|---|
| १ | सिन्धुली | २०८३/१/१० | ईलाका प्रहरी कार्यालय खुर्कोटको हिरासतमा मृत्यु । | |
| २ | सिन्धुली | २०८३/१/१० | घरमा पुनस्थापित भई बस्न नपाएको : । | |
| ३ | चितवन | २०८३/२/११ | डक्टरको लापरवाहीका कारण मृत्यु | |
| ४ | मकवानपुर (घटनास्थल) | २०८३/२/११ | न्याय प्रशासन | |
| ५ | सिन्धुली (घटनास्थल) | २०८३/३/१ | नागरिक तथा राजनितिक अधिकार | |
| ६ | मकवानपुर | २०८३/३/१ | स्वास्थ्यको अधिकार | |
| ७ | चितवन | २०८३/३/२३ | नागरिकता प्राप्त गर्न नसकेको | |

## ९.७ आ. ब. २०८२/८३ को चौथो त्रैमासिकमा निर्णयको लागि के.का पठाइएका फाइलहरु

| क्र.स | पीडितको नाम | ठेगाना | सि.एम.आर.एस.नं. | विषय |
|---|---|---|---|---|
| १ | सावित्रा योङहाङ (लिम्बु) | पञ्चमी गा.वि.स.वडा नं.०५,पाँचथर | ६७४ CMRC-१७७०९ | आप्रवासी कामदारको अधिकार |
| २ | मनोज भट्टराई लगायत १० जना नेपाली नागरिकहरु | स्याङ्जा | ७८१ CMRS-९८८४ | आप्रवासी कामदारको अधिकार |
| ३ | संजिव लोप्चन (सन्ध्या चौधरी) | चन्दनिगाहापुर वडा नं.१,रौतहट | ४६५ CMRS- १७३६२ | यौनिक तथा लैङ्गिक अल्पसंख्यकको अधिकार |
| ४ | सेन्ट मेरिज मा.वि.का छात्राहरु | ललितपुर महानगरपालीका जितक्व टोल | ३०५ CMRS- १४५७० | यौनिक तथा लैङ्गिक अल्पसंख्यकको अधिकार |
| ५ | अमर चौधरी र अर्जुन चिरिमार | बर्दिया | ८४० CMRS- १०००७ | यौनिक तथा लैङ्गिक अल्पसंख्यकको अधिकार |
| ६ | रजनिश साह | लक्ष्मीनिया गाउँपालिका वडा नं.४,धनुषा। | ४४९ CMRS- १६८२२ | बालअधिकार |
| ७ | लाल कुमारी श्रेष्ठ | चौतारा साँगाचोकगढी न.पा.वडा नं.१०,सिन्धुपाल्चोक। | ४७१ CMRS-१७५३४ | जेष्ठ नागरिकको अधिकार |
| ८ | अष्ट श्रेष्ठ,शेर बहादुर श्रेष्ठ | टोखा न.पा.वडा नं.४,काठमाण्डौं। | ३४५ CMRS-१७७८० | जेष्ठ नागरिकको अधिकार |
| ९ | धर्मेन्द्र सापकोटा | भरतपुर म.न.पा.वडा नं.५,चितवन | ३३८ CMRS-१७७७९ | शान्ति सुरक्षा |
| १० | रिता थामी | त्रिपुरासुन्दरी गा.पा.वडा नं.१,सिन्धुपाल्चोक | २३ CMRS-१३१३४ | महीलाको अधिकार |
| ११ | पार्वती वि.क. | फलेवास न.पा.वडा नं.१०,पर्वत | ४१८ CMRS-१७३८० | महीलाको अधिकार |

| | | | | |
|---|---|---|---|---|
| १२ | आइतमान तामाङ्ग | बलेफी गा.पा.वडा नं.६,सिन्धुपाल्चोक । | ४७८ CMRS १७७३० | तलब भत्ता नपाएको । |
| १३ | भिमबहादुर खड्का र पुजा खड्का | गोकुलगंगा गा.पा.वडा नं.४,रामेछाप । | ४५५ CMRS १७०६४ | यातना |
| १४ | नारायण प्रसाद शर्मा र सरला शर्मा | ललितपुर म.न.पा.वडा नं.१,कुपण्डोल,ललितपुर । | ३३० CMRS १७७३७ | स्वास्थ्यको अधिकार |
| १५ | गोपाल बहादुर श्रेष्ठ | पाङतान गा.वि.स. वडा नं.३,सिन्धुपाल्चोक । | ८६८ CMRS १०११९ | यातना |
| १६ | हिमा श्रेष्ठ | पाँचखपन न.पा.वडा नं.९,संखुवासभा । | ७५०CMRS १७७२७ | यातना |
| १७ | कृष्ण प्रसाद बस्याल | तिनाउ गा.पा.वडा नं.२,पाल्पा | ४३७ CMRS१७७४५ | यातना |
| १८ | पूर्ण बहादुर तामाङ्ग | मेलम्ची न.पा.वडा नं.३ हैवुङ,सिन्धुपाल्चोक | ४४४ CMRS १६७५७ | व्यवसाय संचालनमा रोक लगाएको |
| १९ | आश्विन प्रसाद चौलागाई | पोखरीचौरी वडा नं.४ काभ्रेपलान्चोक | २६५४CMRS १७७३६ | घरजग्गा कब्जा (क्षतिपूर्ति) |
| २० | मेलम्ची न.पा. र हेलम्बु गा.पा.मा बस्ने स्थानिय बासिन्दा | हेलम्बु,सिन्धुपाल्चोक | ३९३CMRS १७७३९ | आवासको अधिकार (क्षतिपूर्ति) |
| २१ | जीबननाथ दहाल | अनेकोट,काभ्रेपलान्चोक | ४१४ CMRS १७७४० | क्षतिपूर्ति |
| २२ | नवराज तामाङ्ग | चन्द्रागिरी न.पा.वडा नं.८,मातातिर्थ,काठमाण्डौं | १३३ CMRS १७३८८ | यातना |

| | | | | |
|---|---|---|---|---|
| २३ | विनयध्वज चन्द | राजापुर न.पा.वडा नं.७,बर्दिया | ४०६२CMRS १७३८६ | माओवादीबाट पिडित |
| २४ | रामवरण गुप्ता | नेपालगंज उ.न.पा.वडा नं.१०,बाँके हाल भिमफेदी कारागार मकवानपुर | २१० CMRS १७३८५ | स्वास्थ्यको अधिकार |
| २५ | विवेक प्रजा | मनहरी गाँउपालीका वडा नं.७ मकवानपुर | ४४०CMRS १७३८३ | गैर कानूनि थुना र यातना |
| २६ | संजिव रुम्बा | हेटौडा उ.म.न.पा.वडा नं.३,बसामाडी,मकवानपुर | ४६४ CMRS १७३६१ | गैर कानूनि थुना |
| २७ | कर्साङ नुर्वु शेर्पा | का.म.न.पा.वडा नं.१ तिनचुली बौद्ध | ७९९CMRS ९९०८ | धर्म संस्कृति संरक्षण |
| २८ | सावित्री श्रेष्ठ सपरिवार | लिखु तामाकोशी गा.पा.वडा नं.२ रामेछाप | २८५० CMRS१३१६० | सालिक तोडफोड,धम्की। |
| २९ | राममाया बोटे, सन्तोषी माझी बोटे,डल्ली बोटे, दिलजु बोटे, सम्झना बोटे सरिता महत्तो, मैया कुँवर, रचना महत्तो बोटे समेत ८ जना। | भरतपुर म.न.पा.वडा नं.१३,चितवन | ४५१ CMRS१७०३५ | आदिबासी जनजातीको अधिकार |
| ३० | लेखनाथ (कृष्णप्रसाद) अधिकारी | माडी न.पा.वडा नं.७ चितवन | ५७५CMRS १३१२६ | न्यायमा पँहुच(बाच्न पाँउने अधिकारी) |
| ३१ | सुरेन्द्र साह तेली | आदर्शकोटवाल गा.पा.वडा नं.८ बारा | ४६१CMRS१७२३४ | न्याय प्रशासन |
| ३२ | रोशिका अधिकारी | हेटौंडा उ.म.न.पा.वडा नं.९ मकवानपुर | ४२६ CMRS१६७६५ | प्रहरीवाट प्रभावकारी अनुसन्धान नभएको |
| ३३ | हर्कमाया कुमाल | भरतपुर म.न.पा.वडा नं.२८ | ४७६ CMRS१७७२२ | क्षतिपूर्ति नपाएको |

| | | | | |
|---|---|---|---|---|
| | | चितवन | | |
| ३४ | टेम्पा छोसाङ्ग | तिवेतियन क्याम्प जावलाखेल,ललितपुर | ८७२CMRS१०१३१ | न्यायिक अधिकार |
| ३५ | वसन्त कार्की | पनौति न.पा.वडा नं.५,काभ्रेपलान्चोक | २९६ CMRS१४५५४ | वातावरणको अधिकार |
| ३६ | सुदिप बस्नेत | का.म.न.पा.वडा नं. १० काठमाडौं | १७१ CMRS१७८०५ | न्याय प्रशासन |
| ३७ | लोकेन्द्र दर्नाल | वैतेश्वर गा.पा.वडा नं.५,मैनापोखरी,दोलखा | २६६ CMRS१७८०४ | गैर कानूनि थुना |
| ३८ | रत्न कुमारी घतानी लगायत टोलका अन्य महिलाहरु | ललितपुर म.न.पा.वडा नं.१३ घतानीटोल,ललितपुर | १३५ CMRS१७८०३ | न्याय प्रशासन |
| ३९ | जयन्ती मैया खड्गी लामा | ललितपुर म.न.पा.वडा नं.११ कुम्भेश्वर,ललितपुर | ४५ CMRS१३२६६ | न्याय प्रशासन |
| ४० | श्रीकृष्ण वि.क. | सुनकोशी गा.पा.वडा नं.३ सिन्धुली | ४८२ CMRS१७७३३ | हिरासतमा मृत्यु (जीवनको अधिकार |

## १०. खर्चको फाँटबारी

यस कार्यालयको आ. ब. २०८२/८३ को चौथो त्रैमासिकको खर्चको फाँटबारी अनुसूची १ बमोजिम रहेको छ ।

## ११. सम्बन्धित ऐन, नियम, विनियम तथा निर्देशिकाको सूची

- राष्ट्रिय मान अधिकार आयोग ऐन, २०६८
- राष्ट्रिय मान अधिकार आयोग (उजूरी कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९
- राष्ट्रिय मान अधिकार आयोगका कर्मचारीहरुको सेवा,सर्त र सुविधा सम्बन्धी नियमावली,२०७२

- राष्ट्रिय मान अधिकार आयोगको आर्थिक प्रशासनसम्बन्धी नियमावली २०७१
- अन्य विभिन्न निर्देशिका तथा नीतिहरु

**१२ तोकिए बमोजिमका अन्य विवरण**

- मानव अधिकार उल्लंङ्घनका घटनाको अनुगमन तथा अनुसन्धानसम्बन्धी जिम्मेवारी तोकिएको,
- आयोगका सबै कार्यालयहरुका सूचना अधिकारीहरुलाई सूचना प्रकाशन गर्न पत्राचार,
- आयोगका सबै कार्यालयका सूचना अधिकारीहरुको नाम आयोगको वेबसाइटमा राखिएको,

**१३. आयोगका वेबसाइट तथा इमेलको विवरणः**

केन्द्रीय कार्यालय nhrcnepal.org

बागमती प्रदेश कार्यालय nhrcsnp@nhrcnepal.org

बागमती प्रदेश कार्यालय इमेल nhrcbagmati@gmail.com

**१४. आयोगले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली**

| क्र.सं. | सूचनाको विवरण | सूचना प्रवाह गर्नु नपर्नाको कारण | ऐनको दफा ३ को उपदफा ३ | गोप्य रहने अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | नेपालको सार्वभौमसत्ता अखण्डता,राष्ट्रिय सुरक्षा,सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तराष्ट्रिय सम्बन्धमा खलल पर्ने प्रकृतिका तथ्यहरु फेला पारेको र त्यस्तो विषय संलग्न | नेपालको सार्वभौमसत्ता अखण्डता,राष्ट्रिय सुरक्षा,सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तराष्ट्रिय सम्बन्धमा खलल पर्ने भएकोले । | (क) | १० वर्ष | |

| | | | | | |
|---|---|---|---|---|---|
| | भएको अनुगमन प्रतिवेदन । | | | | |
| २ | मानव अधिकार उल्लङ्घनका घटनाको अनुगमन तथा अनुसन्धानसँग सम्बन्धित तथ्य र विवरण । | मानव अधिकार उल्लङ्घनको अनुसन्धान,तहकीकात तथा अभियोजनमा असर पर्न सक्ने भएकोले | (ख) | १० वर्ष | |
| ३ | आयोगले आन्तरिकरुपमा अनुसन्धान गरिरहेको विषय | अनुसन्धानको गोपनीयतामा असर पर्ने भएकाले | (ग) | अनुसन्धान सम्पन्न नभएसम्म | |
| ४ | जातजाति वा सम्प्रदाय बिचको सुसम्बन्धमा प्रत्यक्ष असर पर्ने तथ्यहरु समेटिएको अनुगमन प्रतिवेदन । | जातजाति वा सम्प्रदाय बिचको सुसम्बन्धमा प्रत्यक्ष असर पर्ने भएकोले । | (घ) | १० वर्ष | |
| ५ | उजुरीकर्ताको विवरण र उजुरीको विषय तथा छानविन तहकिकात सम्बन्धी विवरण | छानबिन,अनुसन्धान एवम् तहकिकातमा असर पर्ने भएकोले । | (ख) र (ङ) | १० वर्ष | |

**१५. अन्यत्र प्रकाशन भएका सूचनाहरुको विवरण**

आयोगका सबै प्रतीवेदन, सूचना र प्रेस विज्ञप्तिहरु आयोगको www.nhrcnepal.org, आयोगको Facebook: https://www.facebook.com/National-Human-Rights-Commission-Nepal
NHRC- Nepal-306820312685490 Twitter: http://twitter.com/Nepal NHRC / youtube: https://www.youtube.com//channel/UCxUHiAmVFDviisfX मा हेर्न सकिने व्यवस्था रहेको छ ।

अनुसूचीः १

राष्ट्रिय मानव अधिकार आयोग

राष्ट्रिय मानव अधिकार आयोग, बागमती प्रदेश कार्यालय, मकवानपुर

कार्यालय कोड नं : २१४००३२०१

## खर्चको फाँटवारी

बजेट उपशीर्षक नम्बर: २१४०००११३

आर्थिक वर्ष: २०८२/८३

आयोजना/कार्यक्रम नाम: राष्ट्रिय मानव अधिकार आयोग (प्रशासनिक खर्च समेत)

महिना: असार

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह | | द्वितीय तह | | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेस्की | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | | | | | | | | |
| 21111 पारिश्रमिक कर्मचारी | | | | | १०,९२५,०००.०० | ८,८८६,१२२.३५ | ८,१९०,७२३.१७ | ६९५,३९९.१८ | ८,८८६,१२२.३५ | ०.०० | ८,८८६,१२२.३५ | २,०३८,८७७.६५ |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १०,९२५,०००.०० | ८,८८६,१२२.३५ | ८,१९०,७२३.१७ | ६९५,३९९.१८ | ८,८८६,१२२.३५ | ०.०० | ८,८८६,१२२.३५ | २,०३८,८७७.६५ |
| 21121 पोशाक | | | | | १८०,०००.०० | १६०,०००.०० | १६०,०००.०० | ०.०० | १६०,०००.०० | ०.०० | १६०,०००.०० | २०,०००.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १८०,०००.०० | १६०,०००.०० | १६०,०००.०० | ०.०० | १६०,०००.०० | ०.०० | १६०,०००.०० | २०,०००.०० |
| 21132 महँगी भत्ता | | | | | ८३१,०००.०० | ८३१,०००.०० | ७६१,०००.०० | ७०,०००.०० | ८३१,०००.०० | ०.०० | ८३१,०००.०० | ०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ८३१,०००.०० | ८३१,०००.०० | ७६१,०००.०० | ७०,०००.०० | ८३१,०००.०० | ०.०० | ८३१,०००.०० | ०.०० |
| 21134 कर्मचारीको बैठक भत्ता | | | | | ३२,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ३२,०००.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ३२,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ३२,०००.०० |
| 21212 योगदानमा आधारित निवृत्तभरण तथा उपदान कोष खर्च | | | | | २१५,०००.०० | ६९,७४९.२४ | ६३,७७५.०८ | ५,९७४.१६ | ६९,७४९.२४ | ०.०० | ६९,७४९.२४ | १४५,२५०.७६ |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २१५,०००.०० | ६९,७४९.२४ | ६३,७७५.०८ | ५,९७४.१६ | ६९,७४९.२४ | ०.०० | ६९,७४९.२४ | १४५,२५०.७६ |
| 21213 योगदानमा आधारित बीमा कोष खर्च | | | | | ८७,०००.०० | ४२,८८०.०० | ३९,२८०.०० | ३,६००.०० | ४२,८८०.०० | ०.०० | ४२,८८०.०० | ४४,१२०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ८७,०००.०० | ४२,८८०.०० | ३९,२८०.०० | ३,६००.०० | ४२,८८०.०० | ०.०० | ४२,८८०.०० | ४४,१२०.०० |
| 22111 पानी तथा बिजुली | | | | | १९८,०००.०० | ७६,४१०.०० | ३१,३५०.०० | ४५,०६०.०० | ७६,४१०.०० | ०.०० | ७६,४१०.०० | १२१,५९०.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १९८,०००.०० | ७६,४१०.०० | ३१,३५०.०० | ४५,०६०.०० | ७६,४१०.०० | ०.०० | ७६,४१०.०० | १२१,५९०.०० |
| 22112 संचार महसुल | | | | | २०५,०००.०० | ३७,१३५.०० | ३६,८८५.०० | २५०.०० | ३७,१३५.०० | ०.०० | ३७,१३५.०० | १६७,८६५.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २०५,०००.०० | ३७,१३५.०० | ३६,८८५.०० | २५०.०० | ३७,१३५.०० | ०.०० | ३७,१३५.०० | १६७,८६५.०० |
| 22212 इन्धन (कार्यालय प्रयोजन) | | | | | ३५२,०००.०० | २८०,४४२.५२ | २३८,१०१.२८ | ४२,३४१.२४ | २८०,४४२.५२ | ०.०० | २८०,४४२.५२ | ७१,५५७.४८ |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ३५२,०००.०० | २८०,४४२.५२ | २३८,१०१.२८ | ४२,३४१.२४ | २८०,४४२.५२ | ०.०० | २८०,४४२.५२ | ७१,५५७.४८ |
| 22213 सवारी साधन मर्मत खर्च | | | | | ३५०,०००.०० | ९७,०९६.१६ | ६२,७४७.०० | ३४,३४९.१६ | ९७,०९६.१६ | ०.०० | ९७,०९६.१६ | २५२,९०३.८४ |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ३५०,०००.०० | ९७,०९६.१६ | ६२,७४७.०० | ३४,३४९.१६ | ९७,०९६.१६ | ०.०० | ९७,०९६.१६ | २५२,९०३.८४ |
| 22221 मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | | | | | ३०,०००.०० | २९,९२७.०० | २४,४२७.०० | ५,५००.०० | २९,९२७.०० | ०.०० | २९,९२७.०० | ७३.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ३०,०००.०० | २९,९२७.०० | २४,४२७.०० | ५,५००.०० | २९,९२७.०० | ०.०० | २९,९२७.०० | ७३.०० |
| 22311 मसलन्द तथा कार्यालय सामाग्री | | | | | ४००,०००.०० | २८२,४१३.९६ | २६७,७६३.९६ | १४,६५०.०० | २८२,४१३.९६ | ०.०० | २८२,४१३.९६ | ११७,५८६.०४ |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ४००,०००.०० | २८२,४१३.९६ | २६७,७६३.९६ | १४,६५०.०० | २८२,४१३.९६ | ०.०० | २८२,४१३.९६ | ११७,५८६.०४ |

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह: स्रोत व्यहोर्ने निकाय | प्राथमिक तह: भुक्तानी विधि | द्वितीय तह: स्रोत व्यहोर्ने निकाय | द्वितीय तह: भुक्तानी विधि | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेस्की | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 22314 इन्धन - अन्य प्रयोजन | | | | | २६,०००.०० | १९,७००.०० | ७,८८०.०० | ११,८२०.०० | १९,७००.०० | ०.०० | १९,७००.०० | ६,३००.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २६,०००.०० | १९,७००.०० | ७,८८०.०० | ११,८२०.०० | १९,७००.०० | ०.०० | १९,७००.०० | ६,३००.०० |
| 22315 पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | | | | | १२८,०००.०० | ३६,३००.०० | २३,१००.०० | १३,२००.०० | ३६,३००.०० | ०.०० | ३६,३००.०० | ९१,७००.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १२८,०००.०० | ३६,३००.०० | २३,१००.०० | १३,२००.०० | ३६,३००.०० | ०.०० | ३६,३००.०० | ९१,७००.०० |
| 22413 करार सेवा शुल्क | | | | | २५,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २५,०००.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २५,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | २५,०००.०० |
| 22522 कार्यक्रम खर्च | | | | | ८४०,०००.०० | ५७८,५६२.०० | ५२०,१४२.०० | ५८,४२०.०० | ५७८,५६२.०० | ०.०० | ५७८,५६२.०० | २६१,४३८.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ८४०,०००.०० | ५७८,५६२.०० | ५२०,१४२.०० | ५८,४२०.०० | ५७८,५६२.०० | ०.०० | ५७८,५६२.०० | २६१,४३८.०० |
| 22529 विविध कार्यक्रम खर्च | | | | | १००,०००.०० | ९९,९९९.७० | ४९,९९९.९९ | ४९,९९९.७१ | ९९,९९९.७० | ०.०० | ९९,९९९.७० | ०.३० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १००,०००.०० | ९९,९९९.७० | ४९,९९९.९९ | ४९,९९९.७१ | ९९,९९९.७० | ०.०० | ९९,९९९.७० | ०.३० |
| 22612 भ्रमण खर्च | | | | | ८४,०००.०० | ६०,४००.०० | ६०,४००.०० | ०.०० | ६०,४००.०० | ०.०० | ६०,४००.०० | २३,६००.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ८४,०००.०० | ६०,४००.०० | ६०,४००.०० | ०.०० | ६०,४००.०० | ०.०० | ६०,४००.०० | २३,६००.०० |
| 22711 विविध खर्च | | | | | १४६,०००.०० | १३१,१८१.०० | १२२,५३१.०० | ८,६५०.०० | १३१,१८१.०० | ०.०० | १३१,१८१.०० | १४,८१९.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | १४६,०००.०० | १३१,१८१.०० | १२२,५३१.०० | ८,६५०.०० | १३१,१८१.०० | ०.०० | १३१,१८१.०० | १४,८१९.०० |
| 28142 घर भाडा | | | | | २,७९९,०००.०० | २,७८५,२००.०० | २,३३१,०००.०० | ४५४,२००.०० | २,७८५,२००.०० | ०.०० | २,७८५,२००.०० | १३,८००.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २,७९९,०००.०० | २,७८५,२००.०० | २,३३१,०००.०० | ४५४,२००.०० | २,७८५,२००.०० | ०.०० | २,७८५,२००.०० | १३,८००.०० |
| | जम्मा | | | | १९,१८९,०००.०० | १५,५०५,५२८.९३ | १२,१८२,११५.४० | ३,३२३,४१३.५३ | १५,५०५,५२८.९३ | ०.०० | १५,५०५,५२८.९३ | ३,६८३,४७१.०७ |

स्रोतगत जम्मा

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1100001-नेपाल सरकार | | १९,१८९,०००.०० | १५,५०५,५२८.९३ | १२,१८२,११५.४० | ३,३२३,४१३.५३ | १५,५०५,५२८.९३ | ०.०० | १५,५०५,५२८.९३ | ३,६८३,४७१.०७ |
| | 01-नगद | १९,१८९,०००.०० | १५,५०५,५२८.९३ | १२,१८२,११५.४० | ३,३२३,४१३.५३ | १५,५०५,५२८.९३ | ०.०० | १५,५०५,५२८.९३ | ३,६८३,४७१.०७ |
| जम्मा | | १९,१८९,०००.०० | १५,५०५,५२८.९३ | १२,१८२,११५.४० | ३,३२३,४१३.५३ | १५,५०५,५२८.९३ | ०.०० | १५,५०५,५२८.९३ | ३,६८३,४७१.०७ |
| अन्तिम बजेटको तुलना (%) | | ८०.८०४ | | | | | | | |

तयार गर्ने : ........
नाम:
पद :
मिति :

पेस गर्ने : ........
नाम:
पद :
मिति :

प्रमाणित गर्ने :
नाम :
पद:
मिति :

राष्ट्रिय मानव अधिकार आयोग

राष्ट्रिय मानव अधिकार आयोग, बागमती प्रदेश कार्यालय, मकवानपुर

कार्यालय कोड नं : २१४००३२०१

# खर्चको फाँटवारी

बजेट उपशीर्षक नम्बर: २१४०००११४ | आर्थिक वर्ष: २०८२/८३

आयोजना/कार्यक्रम नाम: राष्ट्रिय मानव अधिकार आयोग (प्रशासनिक खर्च समेत) | महिना: असार

| खर्च/वित्तीय संकेत नम्बर / नाम | प्राथमिक तह | | द्वितीय तह | | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेस्की | पेस्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | स्रोत व्यहोर्ने निकाय | भुक्तानी विधि | | | | | | | | |
| 31122 मेशिनरी तथा औजार | | | | | २७०,०००.०० | २६८,९९८.७६ | २६८,९९८.७६ | ०.०० | २६८,९९८.७६ | ०.०० | २६८,९९८.७६ | १,००१.२४ |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | २७०,०००.०० | २६८,९९८.७६ | २६८,९९८.७६ | ०.०० | २६८,९९८.७६ | ०.०० | २६८,९९८.७६ | १,००१.२४ |
| 31123 फर्निचर तथा फिक्चर्स | | | | | ३०,०००.०० | २९,८३२.०० | २९,८३२.०० | ०.०० | २९,८३२.०० | ०.०० | २९,८३२.०० | १६८.०० |
| | 1100001-नेपाल सरकार | 01-नगद | | | ३०,०००.०० | २९,८३२.०० | २९,८३२.०० | ०.०० | २९,८३२.०० | ०.०० | २९,८३२.०० | १६८.०० |
| | **जम्मा** | | | | ३००,०००.०० | २९८,८३०.७६ | २९८,८३०.७६ | ०.०० | २९८,८३०.७६ | ०.०० | २९८,८३०.७६ | १,१६९.२४ |

स्रोतगत जम्मा

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 1100001-नेपाल सरकार | | ३००,०००.०० | २९८,८३०.७६ | २९८,८३०.७६ | ०.०० | २९८,८३०.७६ | ०.०० | २९८,८३०.७६ | १,१६९.२४ |
| | 01-नगद | ३००,०००.०० | २९८,८३०.७६ | २९८,८३०.७६ | ०.०० | २९८,८३०.७६ | ०.०० | २९८,८३०.७६ | १,१६९.२४ |
| **जम्मा** | | ३००,०००.०० | २९८,८३०.७६ | २९८,८३०.७६ | ०.०० | २९८,८३०.७६ | ०.०० | २९८,८३०.७६ | १,१६९.२४ |
| **अन्तिम बजेटको तुलना (%)** | | ९९.६१०% | | | | | | | |

तयार गर्ने : ........
नाम:
पद :
मिति :

पेस गर्ने : ........
नाम:
पद :
मिति :

प्रमाणित गर्ने: ........
नाम :
पद:
मिति :